# चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं.२०७६।०७७
च.नं. ९०१

मिति : २०७६।०९।१३

## गणक र सुपरीवेक्षकको आवेदन सम्बन्धी सुचना ।

प्रस्तुत विषयमा नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७६।०८।२५ गतेको प्राप्त पत्रानुसार गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गर्न गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा ८ बमोजिम देहायको पदहरुमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र गाउँपालिकाको कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल :– क) पदको विवरण

| वि.नं. | पद | आवश्यक संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| ५/०७६/०७७ | सुपरिवेक्षक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तीमा स्नातक वा सो सरह उर्तीण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको । | |
| ६/०७६/०७७ | गणक | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तीमा प्रमाण पत्र तह वा सो सरह उर्त्तीण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको । | |

ख) आवश्यक कागजात : (१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,(२) न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, (३) दरखास्त दस्तुर बुझाएको नगदी रसिद । प्रमाणपत्रको प्रतिलिपीहरु उम्मेदवार स्वयंमले प्रमाणित गरि दरखास्त साथ पेश गर्नु पर्नेछ। (४) स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ।

ग) उमेरको हद : दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

घ) कार्यशर्त विवरण : गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ मा उल्लेख भएबमोजिम हुनेछ। साथै सेवा सुविधाको हकमा निर्देशिकाको दफा २३ बमोजिम हुनेछ ।

ङ) दरखास्त दस्तुर : सुपरिवेक्षकको लागि रु.४०० र गणकको लागि रु.३०० मात्र ।

च) दरखास्त फाराम : यस कार्यालयको बेवसाइट www.chingadmun.gov.np तथा चिंगाड गाउँकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहोला ।

छ) दरखास्त बुझाउने अन्तिम मिति : २०७६।०९।२७ गतेसम्म ।

द्रस्टव्य : विस्तृत जानकारीको लागि चिंगाड गाउँपालिकाको वेवसाइट www.chingadmun.gov.np तथा यस कार्यालयको मो.नं.९८४८०६९६६५ मा सम्पर्क गर्न सकिनेछ ।

२०७६।०९।१३

टेक बहादुर क्षत्री
प्रमुख प्रशासकीय अधिकृत